म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

वर्ष:१५ अङ्क:- १२३ २०८० चैत १० गते शनिबार 22 March 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

मुखको स्वास्थ्यमा ध्यान दिऔं

दाँत तथा मुखको रोगले मानव स्वास्थ्यमा गम्भीर असर पार्ने हुँदा:
- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेस्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाइसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल फ्लसको मद्धतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खानेपानी व्यवस्थापन बोर्डद्वारा सामवेल निर्माण, दैनिक ६० लाख लिटर पानी उत्पादन हुने



समाज संवाददाता

हेटौंडा: हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले दैनिक ६० लाख लिटर पानी उत्पादन हुने सामवेल निर्माण गरेको छ। बोर्डले मकवानपुरगढी गाउँपालिका वडा-४ स्थित सामरीको संगमस्थलमा सामवेलको निर्माण गरेको हो।

हेटौंडामा दैनिक करिब २ करोड ६२ लाख लिटर पानी वितरण गर्दै आएको बोर्डले अब दैनिक ३ करोड २२ लाख लिटर पानी वितरण गर्ने जनाएको छ। विश्व खानीपानी दिवसको अवसरमा निर्माण गरिएको सामवेल हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले औपचारिक उद्घाटन गर्नुभएको हो।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले हेटौंडाको १९ वटै वडामा बोर्डसँग जोडेर शुद्धपानी वितरण कार्यमा लाग्ने बताउनुभयो। ठूला योजनाहरु बनाएर हेटौंडाको विभिन्न ठाउँहरुमा शुद्धपानी उपलब्ध गर्ने उहाँले बताउनुभयो।

मकवानपुरगढी गाउँपालिकाको विभिन्न वडाका बासिन्दाहरुले सहज तरिकाले शुद्धपानी पिउन मिल्नेगरी सामवेल शुभारम्भ गरेको बोर्ड अध्यक्ष प्रताप विष्टले बताउनुभयो। हेटौंडाको धेरै ठाउँमा २४ घण्टा पानी उपलब्ध गराइरहेको बताउनुभयो। हेटौंडा उपमहानगरपालिकाको संरक्षण, जनप्रतिनिधिहरुको समर्थन र गाउँपालिकाका व्यक्तिहरुको सहयोगले काम सम्पन्न गर्न सफल भएको उहाँले बताउनुभयो।

१५ वर्षसम्म सामवेलमार्फत् पानी उत्पादन गर्न सकिने उहाँले विश्वास व्यक्त गर्नुभएको छ। अन्य ठाउँमा पनि सामवेलको शुभारम्भ गर्न आवश्यक रहेको उहाँले बताउनुभयो। कुनै प्रकारको प्रविधि प्रयोग नगरी सामवेलको स्थापना गरेको उहाँले बताउनुभयो। ल्याब परीक्षण गराएर सामवेलको शुभारम्भ गरेको बताउनुहुँदै मानिसको स्वास्थ्यमा कुनै प्रकारको असर नपर्ने विश्वास बोर्ड अध्यक्ष विष्टले व्यक्त गर्नुभएको छ।

सामवेल शुभारम्भ कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई, हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता, हेटौंडा उपमहानगरपालिका वडा-१ का अध्यक्ष सविन न्यौपाने, वडा-२ का अध्यक्ष विष्णुगोपाल महर्जन, खानेपानी व्यवस्थापन बोर्डका सूचना अधिकारी सञ्जय न्यौपानेलगायतको उपस्थिति रहेको थियो।

# कृषि उत्पादन बढाउन स्थानीय सरकारसँग कार्यशाला सम्पन्न




समाज संवाददाता

हेटौंडा: एकीकृत ग्रामीण विकास सेवा मकवानपुरले स्थानीय सरकारसँग बैठक र कार्यशाला गरेको छ। शुक्रबार संस्थाकी अध्यक्ष सीता विष्टको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले किसानहरुलाई व्यावसायिक बनाउन उपमहानगरपालिका लागिरहेको बताउनुभयो। यसका लागि उपमहानगरपालिकाले कृषि शाखामार्फत् बढी बजेट विनियोजन गरेको उहाँले बताउनुभयो। उहाँले बजारको मागलाई हेरेर किसानहरुले उत्पादन गर्नुपर्ने बताउनुभएको छ।

किसानले आफ्नो लागि आफैंले उत्पादन गरेमा बजारमा किन्नुपर्ने अवस्था हट्ने र केही मात्रामा पैसा बचत हुने उहाँले बताउनुभयो। अहिले किसानहरुले उत्पादन गरेको ठाउँमा पुगेर आफूले पनि अवलोकन गरिरहेको भन्दै उहाँले कृषि उत्पादनमा विस्तारै सुधार हुँदै आइरहेको बताउनुभयो। उहाँले उपमहानगरपालिकाले कृषकहरुको उत्पादनको बजारीकरणलाई मध्यनजर गर्दै केही समयभित्रै कृषि थोक बजारको शुभारम्भ गर्ने बताउनुभयो।

संस्थाकी अध्यक्ष विष्टले संस्थाले कृषिसँग जोडेर नर्वेजियन सरकारको आर्थिक सहयोगमा मकवानपुरमा पनि कार्यक्रम गरिरहेको बताउनुभयो। कार्यक्रमअन्तर्गत् मकवानपुरमा जैविक प्रवर्द्धनका कार्यहरु भइरहेको र आधुनिक तरिकाले खेती गर्दा उत्पादनमा वृद्धि भएको दाबी गर्नुभयो। उहाँले यस कार्यक्रमले किसानहरुलाई आर्थिक सशक्तिकरण गर्न भूमिका खेल्ने बताउनुभयो।

कार्यक्रमकी संयोजक श्रद्धा शर्माले परियोजनाको बारेमा जानकारी गराउनुभयो। उहाँले समाजको आर्थिक अवस्थाको उत्थानका लागि विकल्प र अवसर प्रदान गर्दै दिगो र आत्मनिर्भर समाज निर्माण गर्ने लक्ष्य लिएको बताउनुभयो। महिला तथा पिछडिएका समूहलाई सीपमूलक तालिम प्रदान गरी स्वरोजगार बनाउने गरी काम गरिरहेको उहाँले बताउनुभयो।

कार्यक्रमले ७ वर्षदेखि हेटौंडाका वडा नम्बर ८, १४, १५, १६, १७, १८ र १९ मा टनेलहरु बनाएर टमाटर उत्पादन गर्ने, एसआरआई प्रविधिबाट धान खेती, करेसाबारी नमुना प्रदर्शनी र विभिन्न कृषि समूहहरु बनाएर कार्यसम्पादन गर्ने कार्य गर्दै आइरहेको बताउनुभयो। परियोजनाबाट हालसम्म ३६ वटा कृषि समूहहरु हेटौंडा उपमहानगरपालिकामा दर्ता गरिसकेको र हालसम्म संस्थाबाट ६ सय जना कृषकहरु प्रत्यक्षरुपमा लाभान्वित भएको उहाँले बताउनुभयो।

कार्यक्रममा सहभागी कृषकहरुले परियोजनाबाट आफूहरुलाई धेरै फाइदा भएको र खेती गर्ने तरिकाबारे जानकारी पाएको बताएका छन्। किसानले उत्पादन गरेको तरकारीको उचित मूल्य पाउनेगरी हरेक वडामा तरकारी केन्द्र राख्न र बिमा गरिदिन किसानहरुले आग्रह गरेका थिए। कार्यक्रममा हेटौंडा १५ का वडाध्यक्ष सुनिल मोक्तान र १८ नम्बर वडाका वडाध्यक्ष अनिल बानियाँको पनि आतिथ्य रहेको थियो।

# अफिमसहित एक जना पक्राउ

समाज संवाददाता

हेटौंडा: मकवानपुरको मनहरी गाउँपालिका-७, पेन्चेमा प्रहरीले लागूऔषध अफिमसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा २२ वर्षीय विवेक प्रजा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

बिहीबार राति ९ बजेर ४५ मिनेटको समयमा लागूऔषध अफिम ओसारपसार भइरहेको भन्ने विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले राक्सिराङतर्फबाट आउँदै गरेको बा प्र ०३ ००५ प ३१०३ र बा प्र ००३ प ९६४७ नम्बरको दुईवटा मोटरसाइकललाई रोकी नियन्त्रणमा लिन खोज्दा कालो झोला छाडी मोटरसाइकलमा सवार ३ जना फरार भएको र प्रजालाई मात्र पक्राउ गरिएको थियो। झोलाबाट प्रहरीले ९ किलो ८ सय २० ग्राम लागूऔषध अफिम बरामद गरेको छ।

लागूऔषध अफिमसहित प्रजालाई नियन्त्रणमा लिई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुर लगिएको र फरार ३ जनाको खोजी कार्य भइरहेको प्रहरीले जानकारी दिएको छ।

# २२ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडा: मकवानपुरगढी गाउँपालिका-३, मकान्चुलीमा रहेको जागरण बचत तथा ऋण सहकारी संस्थाले २५ औं स्थापना दिवस (रजत महोत्सव) को अवसरमा आयोजना गरेको कार्यक्रममा २२ जना सेयर सदस्यले रक्तदान गरेका छन्। शुक्रबार बिहान सहकारीको सभाहलमा भएको कार्यक्रममा १० जना महिला र १२ जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक विष्णु रिमालले जानकारी दिनुभयो।

रक्तदान कार्यक्रम रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोगमा भएको थियो। आज शनिबार निलगिरी बाल समूह हेटौंडा-८, कमानेले रक्तदान गर्ने भएको छ। यस्तै, चैत १६ गते पूर्वी नगर इसाई समन्वय समिति हेटौंडा-१८, रामधुनी र चैत २२ गते जनचेतना बचत तथा ऋण सहकारी संस्था हेटौंडा-१५, रातोमाटेमा रक्तदान हुँदैछ।

# आगलागी हुँदा ५ लाख बराबरको क्षति

समाज संवाददाता

हेटौंडा: मकवानपुरको भीमफेदी गाउँपालिका-९, भदौरेमा ४२ वर्षीय सीताराम विकको घरमा आगलागी हुँदा ५ लाख रुपैयाँ बराबरको क्षति भएको छ। बिहीबार दिउँसो ४ बजेर १५ मिनेटको समयमा खरले छाएको ढुङ्गामाटोले बनेको २ तले कच्ची घरमा अचानक आगलागी भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

आगलागीबाट लत्ताकपडा, काठपात, अन्न र खसीबोका ८ वटा जलेर नष्ट भएको थियो। आगलागीबाट मानवीय क्षति नभएको र साँझ ५ बजे पूर्णरुपमा नियन्त्रणमा आएको प्रहरीले जानकारी दिएको छ।

# सिन्धुपाल्चोक र दोलखामा २ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा: विभिन्न घटनामा बागमती प्रदेशको दुई जिल्लामा २ जनाको मृत्यु भएको छ। प्रदेशको सिन्धुपाल्चोक र दोलखामा एकै दिन २ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको हो।

सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिका-२, लिदिमा घाँस काट्न जाने क्रममा जंगलमा लड्दा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ३५ वर्षीया सुप्रेन दोङ रहेको प्रहरीले जानकारी दिएको छ।

दोङ बुधबार बिहान १० बजेको समयमा दुस्कुल जंगलमा घाँस काट्न जाने क्रममा अचानक लड्न जाँदा निगालोको ठुटोले दायाँ आँखामा घोच्न्का साथै टाउकोमा गहिरो चोट लागि घाइते अवस्थामा फेला परेकी थिइन्। घाइते दोङलाई उपचारका लागि टिचिङ अस्पताल काठमाडौं लगिएकोमा उपचारको क्रममा बिहीबार दिउँसो ४ बजेर ३१ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

यस्तै, दोलखा जिल्लाको बिगु गाउँपालिका-५, आलडाँडामा एक जना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा ५२ वर्षीय ताराबहादुर बयलकोटी रहेको प्रहरीले जानकारी दिएको छ।

बिहीबार बयलकोटी आफ्नै घरदेखि ५ सय मिटर पर ओराङगेस्थित गोरेटो बाटोमा मृत अवस्थामा फेला परेका थिए। मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि पशुपति चौलागाई स्मृति अस्पताल चरिकोट लगिएको प्रहरीले जानकारी दिएको छ।

# छुटे कृष्णबहादुर महरा

काठमाडौं: भेपमार्फत सुन तस्करीमा संलग्नता रहेको आरोपमा पक्राउ परेका पूर्वसभामुख एवं माओवादी उपाध्यक्ष कृष्णबहादुर महरा ५ दिनमै रिहा भएका छन्। केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) का अनुसन्धान अधिकृतले गरेको सिफारिसका आधारमा सरकारी वकिलको कार्यालयले उनलाई हाजिरी जमानतमा छाड्न स्वीकृति दिएको सहन्यायाधिवक्ता सन्देश श्रेष्ठ बताउँछन्।

'अदालतले पनि स्वास्थ्यलाई कारण देखाउँदै उपचार गराउन आदेश दिएको थियो', उनले भने, 'सीआईबीले हाजिरी जमानतमा छाड्न अनुमति मागेपछि स्वीकृति दिएका छौं।' प्रहरीले महरालाई ५ चैतमा कपिलवस्तुको सीमा क्षेत्र नजिक पकडीबाट पक्राउ गरेको थियो। पूर्वन्यायाधीश डिल्लीराज आचार्य नेतृत्वको सुन तस्करी अनुसन्धान जाँचबुझ आयोगले १ चैतमा बुझाएको प्रतिवेदनमा महरालाई मुद्दा चलाउन सिफारिस गरिएको थियो।

सीआईबीले उन्मुक्ति दिएका महरालाई मुद्दा चलाउन १० वटा आधार रहेको प्रतिवेदनमा उल्लेख थियो। प्रतिवेदनलाई कार्यान्वयन गर्न मन्त्रिपरिषद्ले निर्णय गरेपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) को नयाँ टोलीले जाँच थालेको थियो। त्यस क्रममा निगरानीमा रहेका महरा रोल्पास्थित घर जाने भन्दै काठमाडौंबाट हिँडेका थिए। तर, ५ चैतमा आफूहरुलाई छाडेर महरा अर्कै गाडीमा गएको भन्दै उनका निजी सुरक्षा अधिकृत (पीएसओ) ले प्रहरी हेडक्वार्टरमा खबर गरेका थिए।

'महरा अर्को गाडीमा चढेर हिँडेको झण्डै आधा घण्टापछि खबर आएको थियो', यसबारे जानकार एक प्रहरी उच्च अधिकृत भन्छन्, 'उनी कपिलवस्तुको सीमा क्षेत्र नजिक पुगिसकेका थिए, केहिबेर ढिला भएको भए भारत पुगिसक्ने थिए।' उनको दावीमा, महराले भाग्ने प्रयास नगरेको भए तत्काल पक्राउ पर्ने थिएनन्। 'उहाँले भागेरै जान खोज्नु भएपछि कपिलवस्तुबाट पक्राउ गरेर काठमाडौं ल्याउनु परेको हो', ती अधिकृत भन्छन्। *स्रोत: अनलाइनखबर।*

डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।

वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनसक्छ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ। डढेलो लागेको देखिएमा सबै समुदाय मिली तत्कालै डढेलो निभाऔं। डढेलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं।

डिभिजन वन कार्यालय, मकवानपुर

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म


सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

# होली




✍सरोजप्रसाद साह

जगतलाई स्वर्ग बनाईदिने विभिन्न चाडपर्वाहरु मध्ये एक महत्वपूर्ण र मनोरम चाड हो होली । होली पर्व अथवा फागु पूर्णिमा खासगरी नेपाली तथा भारतीयहरूले प्रत्येक वर्षको फाल्गुण शुक्ल पूर्णिमा दिनमा मनाइने हिन्दूहरूको प्रमुख चाड हो । हिन्दू संस्कृति अनुसार यसको इतिहास त्रेता युग सँग जोडिएको छ । त्रेता यूगमा भगवान विष्णुका परम भक्त प्रह्लादसँग यस चाडलाई जोडेर हेरिन्छ, हिरण्यकश्यपुका पुत्र प्रह्लादलाई आफ्नै (प्रल्हादकी फुपु) होलिकाले आगोमा भष्म पार्न लाग्दा होलिका आँफै आगोमा भष्म भएकी थिइन र बिष्णु भक्त प्रल्हादलाई केही नभएको त्यही दिनको सम्झनामा होली पर्व मनाउन सुरू भएको मानिन्छ । यो चाडले वसन्त ऋतुको आगमनको शङ्खघोष गर्दछ । होली रङ्गहरूको चाड हो । होलीको दिन मानिसहरूले एक अर्कामाथि विभिन्न प्रकारका रङ्गहरू हालेर एक अर्कालाई रङ्गिन बनाउँछन् । होली पर्व मनाउनुको पौराणिक कारण र इतिहास छ । होली खेल्ने दिन भन्दा एक दिन पहिला राती होलीका दहन गरिन्छ । राती होलीका दहन गरिसके पछि बिहान पानीमा रङ्ग घोलेर एक अर्कामाथि फाल्ने चलन छ । सानासाना बालबालिकादेखि वृद्धवृद्धासम्म सबैले होलीमा रमाइलो गर्छन् । युवा-युवतीहरु गीत गाउँदै-नाच्दै होली खेल्छन् । भनिन्छ कि होलीको दिन पुरानो कटुता समाप्त गरेर, दुस्मनी बिर्सेर मान्छे एक-अर्कासित एक अदित्तिय सम्बन्ध स्थापित गर्दछन् । यस पर्वलाई फाल्गुण पूर्णिमाको दिनमा मनाउने भएकाले यसलाई फगुआ पनि भनिन्छ । होली पर्व घरपरिवार-साथीभाइ आपसमा रङमा रङ्गिएर उल्लासपूर्वक मनाउने फागुन पुर्णिमाको अवसरमा पहाडदेखि तराई र गाउँदेखि सहरसम्मका केटाकेटी, युवायुवती तथा प्रौढहरूका हूल तथा जत्थाहरू हातमा रङ र रङ्गीन घोल पदार्थ लिएर गाउँदै, बजाउँदै, रमाइलो र होहल्ला गर्दै आपसी रिसईबीलाई बिर्सेर उत्साह र उमङ्गका साथ मनाइने रङ्गीन पर्वको रूपमा लिइन्छ । फागुन शुक्ल अष्टमीको दिन काठमाडौँको वसन्तपुर दरबार अगाडि चीर-विशेषरूपले सजाएको लिङ्गो गाडेपछि होली सुरू भएको मानिने फागुपर्व पूणिर्माको राति उक्त चीर -लिङ्गोलाई ढालेर जलाएपछि समाप्त भएको ठानिन्छ ।



## बुधबारे बालसाहित्य विशेषबारे

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।



**सम्पादक ।**

# काइँला बा र फेसबुकको पासवर्ड



✍ईश्वर पोखरेल



कहिले आफैँ आउनु हुन्छ
कहिले बोलाउन पठाउनु हुन्छ
काइँला बा फेसबुकको पासवर्डले हैरान हुनुहुन्छ

एक दिन–
भात खाँदै थिएँ
नातिलाई पठाउनु भएछ
‘झत्तै हिदनु रे’ मिठो सुनियो
‘काकीलाई बेथाले च्यापो कि कसो हो’
मनमा नमिठो आशङ्का खेल्यो
उठें
चुठें
र, दौडिएँ
काकीलाई अलि सञ्चो भएको कुरा विदेशमा छोरीलाई सुनाउन पनि
मोरो फेसबुक पासवर्ड माग्छ
काइँला बा फेसबुकको पासवर्डले हैरान हुनुहुन्छ

काइँला बाको फेसबुक आइडी
केही बिस्नेले बनाई दियो
केही चन्द्रलालले
पुगेको बेलामा केही आइडी मैले पनि बनाई दिएँ
पासवर्ड सोध्दा
काकाले मुन्टो काकीतिर घुमाउँदा
बुझे हुन्छ– ‘यो आइडीको पनि म्याद सकिएछ’
फेसबुकमा एउटै नाममा धेरैवटा आइडी देख्दा
झिंझो लाग्न सक्छ
तर तथानाम नभन्नु होला
त्यो काइँला बाको हुनुसक्छ
काइँला बा फेसबुकको पासवर्डले हैरान हुनुहुन्छ

एक दिन–
मास्टरले भनेछन्–
पासवर्ड फेसबुकको साँचो हो
त्यही दिनदेखि
काकालाई
त्यो जनैमा झुन्ड्याउने धोको छ
काइँला बाको टाउको धेरै कुराले दुख्छ
अचेल फेसबुकको पासवर्डले पनि दुख्छ
काइँला बा फेसबुकको पासवर्डले हैरान हुनुहुन्छ ।

*महालक्ष्मी– ३, बोझेपोखरी, ललितपुर*

# सोमरस



✍दीप मानन्धर

सम्पन्न सुख स्वर्ग पनि रहन्न स्वर्ग अभावमा यसको
भुइँको मान्छे सातौं-आसमान छुन्छ प्रभावमा यसको
बिर्सिन्छ मानिस धरातल, समाज, परिवार, मान-मर्यादा
बगाउँछ मस्त-मग्न भई खोला सरि रुपियाँ-लगावमा यसको

आराम-विश्राम, सुख-चैन, पीडा-मर्म, हर्ष-विस्मात, गर्मी-जाडो
मिलन-विछोड, मन भारी(मन हल्का, साँझ-बेलुका
सुन्नुमा-सुनाउनुमा , प्राप्तिमा-गुमाउनुमा
शून्यमा - मेह्फिलमा, पापमा- पुजामा ॥

चाहिने हरेक जसोलाई हर बेला - चिज हो यो एस्तो !
तलतलाहट, बढ्दो मृग तृष्णा - चाहियो हर हालमा !
यो स्वर्गलोकमा इन्द्र पिउँदछ, पिई देवगन बक्दछन् दिव्य वाणी !
यो रसहरूको महा-रस-महा-मधु,अमृत !
साक्षात् इन्द्र पनि झुम्दछ यसको तालमा

र मैले पनि, पिएको थिएँ, पिएको छु भरपुर जवानी जिउनकै लागि
वा कतै मैले पिएको हुँ, पिउँदैछु नितान्त अर्को रात पिउनकै लागि
पिउँदैछु नितान्त अर्को रात पिउनको लागि
दर्जीको खोजीमा छु फाटेको मन सिउनको लागि



देख्दछु म परिश्रमी, जिन्दगी बेची हिँडेको-थोरै त्यही जिन्दगी बाँच्नकै लागि
फेरि देख्छु म प्रेमी पीडामा पनि हाँसेको-रहेछ यादहरू आखिर साँच्नकै लागि


मैले पिएको छु, पिएँ फेरि आज यो स्वार्थी संसार भुलाउनको लागि
साथ दुई पलको पनि कति मार्मिक-सारा जीवन रुलाउनको लागि

म डुब्छु आँशुको तलाउमा-केवल आँशुको तल्तल मेटाउनकै लागि
म हिँड्छु अँधेरी रातमा, प्रज्ज्वाल्यमान जूनको ज्योति भेट्टाउनकै लागि

म नशामा छु, झुमिरहेछु
मधु-मातमा घुमिरहेछु
मैले पिएको हुँ भरिएको मनको बाँध खुलाउनको लागि
मैले पिएको छु स्वार्थी संसार सारा भुलाउनको लागि

साथीभाइसँग पिउन बसेँ, पिएँ जवानी जिउनकै लागि
एकान्तमा पिएर लडेँ, पिएथेँ जवानी मेटाउनकै लागि ।

# चित्रकला



सम्मान घलान
कक्षा:- ४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४





समृद्धि श्रेष्ठ
कक्षा-२, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४



सुयोग श्रेष्ठ
कक्षा:- ४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४

# गजल



✍ उर्मीला नेपाली

कुनै दिन त हुन्छ होला घर एउटै तिम्रो मेरो
नाम सँगै जोडी आउने थर एउटै तिम्रो मेरो

मेरो हात माग्न आउँदा नदिएमा बाबाले
भागी जाने हुन्छ होला शहर एउटै तिम्रो मेरो

जिन्दगीका आरोह र अवरोह पार गर्दा
दिन सँगै हुन्छ रात प्रहर एउटै तिम्रो मेरो

छुट्न भन्दा मृत्यु प्यारो मान्दै हामी दुवैले
बाँडी खाने हुन्छ होला जहर एउटै तिम्रो मेरो

कुनै दिन त हुन्छ होला घर एउटै तिम्रो मेरो
नाम सँगै जोडी आउने थर एउटै तिम्रो मेरो

*बागमती-४*

# मुक्तक



✍ भोजराज संजेल

१
मैले लाउने सिंदुर पोते तिम्रै हुनुपर्छ भनेकी छे
म अनमेर जाने डोलि तिम्रै हुनुपर्छ भनेकी छे

जीवनमा जतिनै दुख कष्ट आइपरेनि
सात जुनि सम्म तिम्रै हुनुपर्छ भनेकी छे

२
बिहान उठी चिया पकाइदिने तिमी हुनुपर्छ सानू
मलाइ चोट लाग्दा दुखाइ सहने तिमी हुनुपर्छ सानू

३
तिमी मेरी नभई अरु कसैको हुदा मत मरेझै हुन्छु
जिन्दगीभर सँगै हास्ने सँगै रुने तिमी हुनुपर्छ सानू

*कक्षा-१२, सिद्धार्थ मा.वि, हेटौंडा-२*

# मुक्तक



✍ अजीता ओझा

१
खाउँला मिठो र मसिनो छ जे जति हुन्छ हुँदैन ?
हाँसी खुशी बढाउँला जीवनको गति हुन्छ हुँदैन ?
एउटै पेशाको हुन पर्छ भन्ने सोचाइलाई त्यागेर
तिमी गर्नु खेती म बनम्ला निजामती हुन्छ हुँदैन ?

२
जुन दिनदेखि गयो यो मन तिमीमा घातक बन्दियो
बढ्दै छन् अझै पाठ्यक्रमको सीमा घातक बन्दियो
न त पाउन नै सके न सक्छु अब गुमाउनलाई नै
तिम्रो माया र लोकसेवा जिन्दगीमा घातक बन्दियो

३
पाइन्छ इज्जत हुन्छ सान धर्म पनि हुन्छ
समाजमा बढ्छ मान सम्मान धर्म पनि हुन्छ
प्रेमी प्रेमिकासँग महंगा होटल धाउनुभन्दा बरु
जानुस् मानव सेवा गर्नुस् दान धर्म पनि हुन्छ

# हामी चेलीको व्यथा



✍ आश्रिका न्यौपाने

मलाई अचम्म लाग्छ मेरो गाउँ अनि समाज देख्दा
मलाई अचम्म लाग्छ बलात्कार गर्ने बलात्कारी देख्दा

मलाई अचम्म लाग्छ घुस खाने प्रशासन देख्दा
मलाई अचम्म लाग्छ मेरो देशका नेताहरु देख्दा

कुनै दिन तिम्रै छोरीको पनि त बलात्कार होला
त्यति बेला तिमी पनि त माग्दै हिँडौला न्यायको झोला

जुन देशमा चेलीहरुलाई कुमारी नै मान्छन्
त्यही देशमा उनीहरुलाई बलात्कार गरी मार्छन् ।

आतिन्छु म घरी घरी मेरी बहिनी ठुली भएको देख्दा
कतै मेरै घरमा पनि घट्छ कि त्यसैगरी घटना


भर छैन अब यहाँ आफ्नै दाजुभाइको
शिक्षकबाटै इज्जत जान्छ यहाँ चेलीहरुको ।

हाम्रै शरीरसँग खेली हामीलाई दाग लाउँछन्
सानो फक्रिएको कोपिलालाई चुँडी आखिर के नै पाउँछन् ?

हामी चेली अब कहिले सुरक्षित हुने होला
कसले देला हामीलाई न्यायको झोला ?

*कक्षा-७, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# पुण्यक्षेत्रको यात्रा



✍ स्नेहा सिंह

प्रकृतिको काखमा छ पुण्यक्षेत्र हाम्रो
फुलैफुलले सजिएको आहा कति राम्रो ।

साँस्कृतिक परम्परा झल्किन्छ चालचलन
दर्शन पाउँदा ईश्वरको आनन्दित भो यो मन ।

हराभरा बगैंचाबीच छ विष्णुको अवतार
पुराना कला संस्कृतिको गरौं स्याहार-सम्भार ।

हेरेर सिकाई भयो साथीभाइ बीच रमाइलो भो
आउनुस् घुमौं सबैजना हेटौंडाको सम्पदा यो ।

*कक्षा-७, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल हेटौंडा-२*

के तपाइ' 'आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ?
यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

# गाउँखाने कथा

१. पशुपतिमा गड्यागुडुङ आर्यघाटमा उदायो, सानी नानी स्याइस्याइ चन्द्रगिरीमा धुवाँयो ।
- तमाखु खाएको

२. भित्र खोक्रो पनि छैन, बाहिर बोक्रो पनि छैन ।
- ढुङ्गा

३. धेरै वर्ष कुर्दा पक्कै आउँछ, त्यस्तै पर्दा पहिल्यै आउँछ ।
- संविधानसभा निर्वाचन

४. नाच्दै खेल्दै आकाशबाट झरी, त्यसपछि कठेवरी एकैदिनमा मरी ।
- शीत

५. निर्जिव सजिव बोकी हिँड्ने उसको हुन्छ काम, जताबाट पढे पनि एउटै हुन्छ नाम ।
- जहाज

# भुसप्रसाद

**लघुकथा**

✍ ध्रुवराज थापा 'पुरुष'

"स्रष्टा महोदय तपाईंहरूले कुनै सम्बोधन नगरी सिधै आफ्नो रचना वाचन गर्नुहोला ! हामी यसो भन्न विवश छौं ! यहाँ आफ्नो रचना सुनाउन झन्डै एकसय स्रष्टाको नाम आइसकेको छ !"

उद्घोषक पटक पटक घोक्रो सुक्ने गरी चिच्याउँदै थिए । साहित्यिक सम्मेलनमा सहभागीहरू आफ्नो रचना सुनाउन पाइने हो कि नपाइने हो भन्ने चिन्तामा थिए । विडम्बना, स्रष्टा आफ्नो पालो आएपछि मञ्चमा पुग्ने बित्तिकै यो कुरा भुलिहाल्थे र पट्यारलाग्दो लामो सम्बोधन पछि रचना वाचन गर्थे ।

फेरि उद्घोषक चिच्याउँथे, "आदरणीय साहित्यकार महोदय सम्बोधन बिना नै आफ्नो रचना सुनाउनु होला ! अन्यथा हामीले समय अभावका कारण अन्य स्रष्टाको नाम कटाउनु पर्ने हुन्छ, कृपया हाम्रो बाध्यतालाई बुझिदिनुहोला !"

मेरो छेवैमा बसेका स्रष्टाको पालो आयो । उनी मञ्चमा पुगेर सम्बोधनमा नै झन्डै पाँच/सात मिनेट समय खर्चिए पछि आफ्नो रचना वाचन गर्न थाले ।

अघि उनी मसँग भन्दै थिए, "उद्घोषकको अनुरोध नटेर्ने कस्ता वाहियात स्रष्टा !"

# साताको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५



**मेष राशि**: शरीरमा स्वस्थता र मनमा उत्साह बढ्ने समय छ। प्रतिष्ठित काम गरेर समाजमा स्थापित हुन सकिने छ । विशिष्ट व्यक्तिसँग मित्रता बढ्ला । विवादास्पद जिम्मेवारी बहन नगर्दा राम्रो । शेयर कारोबारबाट लाभ प्राप्त । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ। खुशीको समय छ। अध्ययन–अध्यापनमा ठिकै रहने समय योग छ।

**वृष राशि**: कार्यक्षेत्र,व्यवसाय वा कामधन्दामा व्यस्त रहने समय छ । परीक्षा प्रतियोगितामा विजय हाशिल होला । आत्मबल, हौसला र प्रतिष्ठामा वृद्धि हुनेछ । अन्तर्वातामा जित होला। आर्थिक पक्ष ठिकै छ। कारोबारबाट आय बढ्ने । प्रशासनिक क्षेत्रका काममा सफलता। सुख सुविधा र भोग विलासमा समय बित्ला।

**मिथुन राशि**: अरुलाई प्रभावित पारेर काम गर्नुपर्ला। गरिब दीन दुःखीको सेवाबाट भाग्यबल बढ्ला। दार्शनिक विषयप्रति आकृष्ट भइएला। धार्मिक वा प्राकृतिक स्थलमा समय व्यतित होला। सफलतामा वृद्धि प्राप्त होला। व्यापार–व्यवसाय मध्यमकारक नै मान्नुपर्दछ । अध्ययन–अध्यापनमा सफलता प्राप्त योग छ ।

**कर्कट राशि**: जोखिम र संकटबाट बच्नुपर्ला । महत्वकांक्षा बढ्नाले हानी होला । व्यापार–व्यवसायमा नयाँ लगानीका लागी उपयुक्त समय छैन । उदार मनोवृत्तिको अरुले नाजायज फाइदा उठाउन सक्छन्। धार्मिक तथा सामाजिक काममा समय व्यतित होला। शारीरिक स्वास्थ्यमा समस्या बढ्ने समय छ। पढाइ–लेखाइ पनि ठिकै रहेको देखिन्छ ।

**सिंह राशि**: मायाप्रेम, रतिराग, र भावनात्मक क्रियाकलापमा समय व्यतित होला। आफूभन्दा ठूलाको सल्लाहमा गरिएको काममा सफलता प्राप्त होला । साँझेदारीमा गरिएको व्यापार–व्यवसायबाट लाभ प्राप्त गर्न सकिएला । सरकारी काम वा राजनीतिबाट लाभ प्राप्त होला। अध्ययन–अध्यापन पनि ठिकै छ। भावुक बनिएला।

**कन्या राशि**: समय मध्यमकारक छ। पढाइ–लेखाइमा त्यति मन नजाला। विलासिता र मधुर भोजनका क्षेत्रमा मन जानेछ । बहस र वादविवादमा समय व्यतित होला । आफन्त, मित्रवर्गले सहयोग पुऱ्याउलान् । लक्ष्य प्राप्ति तर्फ लागि परिने समय छ । सामाजिक, राजनैतिक र धार्मिक काममा सरिक भइएला। साझेदारी कामबाट घाटा होला ।

**तुला राशि**: सम्मान प्राप्तिको योग छ। बिचारको कदर होला। परीक्षा र प्रतियोगितामा विजयी भइने छ। प्राज्ञिक, बौद्धिक र दार्शनिक क्रियाकलापका माध्यमबाट धनार्जन होला । हाँके ताकेका कामहरु पूर्ण हुनेछन् । खानपान र मनोरञ्जनमा समय व्यतित होला। व्यापार–व्यवसायका क्षेत्रहरु सफल होलान्। अध्ययन–अध्यापन ठिकै रहने छ।

**वृश्चिक राशि**: शरीर स्वस्थ भए पनि चिन्ता बढ्ने समय छ। आफन्तको व्यवहार देखि दिक्क लाग्न सक्छ। व्यापार–व्यवसाय मध्यमकारक छ। जाँगिरमा आत्मविश्वासमा वृद्धि हुनेछ। रोकिएका कामहरु पूर्ण होलान्। धार्मिक र परोपकारजन्य काममा समय व्यतित होला । मानसिक रुपमा आफूलाई शान्त राख्ने समय छ ।

**धनु राशि**: बोलीमा प्रभाव भएको समय छ। हाँके ताकेका कामहरु पूर्ण होलान्। तर्क वितर्क र बहसमा विजय प्राप्त होला । धार्मिक र सामाजिक कामको दायित्व बढ्ने समय छ। बन्दव्यापार ठिकै छ। आर्थिक पक्ष सुदृढ रहेको छ। चिसोबाट बच्नु बचाउँनु पर्ला। परदेशको बसाइँले आय सबल बन्ला। भेटघाट र रमाइलो यात्रा हुने समय छ।

**मकर राशि**: व्यक्तिगत खुशी र सुख सुविधाका लागि केही रकम खर्च होला। आर्थिक दृष्टिकोणले पनि ठिकैको समय छ । प्रेम सम्बन्धमा सुदृढ होला । भोगविलास र आनन्दमा समय व्यतित होला। कला साहित्यका क्षेत्रमा सरिक भइने छ। व्यापार व्यवसाय अनि धार्मिक कृत्यमा समय व्यतित हुने योग छ । पढाई–लेखाई मध्यमकारक छ ।

**कुम्भ राशि**: पेशा/व्यवसाय र कार्यक्षेत्रमा सोचे अनुरुप उन्नति होला । चिताएका नौला विषयमा समेत लाभ प्राप्ति होला। मनमा दोधार आउला। शरीरमा उत्साह र उमङ्गमा वृद्धि होला । अध्ययन–अध्यापनका क्षेत्रमा प्रगति होला । विजय र सफलता प्राप्त । व्यवस्थापकिय जिम्मेवारी बढ्ने समय छ । धार्मिक र सामाजिक कृत्यमा सरिक भइने छ ।

**मीन राशि**: परिबन्ध र बाध्यताका काममा रुमल्लिनु पर्ला । व्यापार–व्यवसाय मध्यमकारक छ। अचानक धनागम भएपनि खर्च होला। अवगालबाट बच्नु पर्ने समय छ। अध्ययन–अध्यापनका क्षेत्रमा सरिक भएपनि सन्तुष्टि नमिल्ला। महत्वकांक्षा त्याग गर्दा राम्रो हुन्छ। धार्मिक र सामाजिक काममा सरिक भइने छ। मनोरञ्जनमा र भेटघाटमा समय बित्ला। धैर्य र संयमताले काम गर्दा राम्रो।



## जीतपुर सिमरा कप क्रिकेट

# उपाधिका लागि मकवानपुर र पर्सा भिड्ने




समाज संवाददाता

हेटौंडाः बारा जिल्लाको जीतपुर-सिमरा उपमहानगरपालिकामा जारी जीतपुर सिमरा कप टी-२० क्रिकेट प्रतियोगिताको उपाधिका लागि मकवानपुर क्रिकेट संघ र पर्सा क्रिकेट संघ भिड्ने भएका छन्। समूह 'बी'को अन्तिम खेलमा शुक्रबार भैरहवालाई पराजित गर्दै मकवानपुर फाइनलमा प्रवेश गरेको हो।

पर्सा समूह 'ए'को विजेताको रुपमा फाइनल प्रवेश गरिसकेको छ। पर्साले आयोजक जीतपुरसिमरा स्पोर्टस् क्लबलाई ७७ रन र कलैया क्रिकेट क्लबलाई पाँच विकेटले पराजित गरेको थियो। उपाधिका लागि आज शनिबार फाइनल खेल हुनेछ।

समूह चरणको पहिलो खेलमा जनकपुरमाथि ३१ रनको जीत निकालेको मकवानपुरले दोस्रो जीत दर्ता गर्ने क्रममा खुकुरी क्रिकेट क्लब भैरहवालाई १५ रनले पराजित गरेको हो। टस हारेर ब्याटिङको निम्तो पाएको मकवानपुरले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १४८ रन जोडेको थियो।

मकवानपुरका लागि तक्षक सिम्खडाले ५४ रन बनाएका थिए। उनले २४ बलमा ६ छक्का र एक चौका प्रहार गरे। यसैगरी मकवानपुरका गौरव खड्काले २७, युविन बुढाथोकीले २१, विशाल फुयाँलले १९ र सक्षम बस्ताकोटीले ११ रन बनाए। भैरहवाका रोशनलाल गुप्ताले चार ओभर बलिङ गर्दै ३१ रन खर्चिएर तीन विकेट लिए भने अजयकुमार चौहानले दुई र सन्तोष यादवले एक विकेट हात पारे।

रनरेटका आधारमा फाइनलमा पुग्न मकवानपुरले दिएको १४९ रनको लक्ष्य १४.५ ओभरमै भेट्टाउनुपर्ने बाध्यताका साथ मैदानमा उत्रिएको भैरहवाले १९.३ ओभरमा सम्पूर्ण विकेट गुमाउँदै १३३ रनमात्र जोड्न सफल भयो। भैरहवाका रोशनलाल गुप्ताले २८, प्रज्वल थापाले २१, प्रकाश गिरी र अजय चौहानले समान १९ रन बनाए। मकवानपुरका सुवर्ण भट्टले तीन, पियुश शर्मा र विशाल फुयाँलले समान २-२, समिर चौलागाई र असिम श्रेष्ठले १-१ विकेट हात पारे।

भैरहवाले १४.५ ओभरमा लक्ष्य प्राप्त गरेको भए रनरेटका आधारमा समूह विजेता बन्दै फाइनलमा प्रवेश गर्ने थियो भने १६ ओभरमा मकवानपुरलाई पराजित गरेको जनकपुर पेस फाउण्डेशन अन्तिम दुईमा प्रवेश गर्ने थियो। समूह 'बी' को यसअघिका खेलमा मकवानपुरले जनकपुरलाई ३१ रन र जनकपुरले भैरहवालाई ४८ रनले पराजित गर्दै समान २-२ अंक बटुलेका थिए। समूह 'बी'को अन्तिम खेलबाट फाइनल पुग्ने टोलीको टुंगो लागेको हो।

खेलको प्लेयर अफ दि म्याच मकवानपुरका तक्षक सिम्खडा घोषित भए। उनलाई जीतपुरसिमरा उपमहानगर पालिकाका उपप्रमुख भोलाप्रसाद अधिकारीले पुरस्कार प्रदान गरे।

## तेस्रो संस्करणको परवानीपुर गोल्डकप

# उपाधिका लागि हेटौंडा फुटबल एकेडेमी वीरगञ्ज युनाइटेडसँग भिड्दै

समाज संवाददाता

हेटौंडाः शक्ति युवा क्लबको आयोजनामा भएको तेस्रो संस्करणको परवानीपुर गोल्डकप फुटबल प्रतियोगितामा हेटौंडा फुटबल एकेडेमी फाइनल प्रवेश गरेको छ। बिहीबार परवानीपुर मैदानमा भएको सेमिफाइनल खेलमा बागमती क्लबलाई २-१ गोलले हराउँदै हेटौंडा फुटबल एकेडेमी फाइनलमा प्रवेश गरेको हो।

पहिलो हाफको २७ औं मिनेटमा पेनाल्टीको सदुपयोग गर्दै प्रकाश पुनले टिमलाई अग्रता दिलाएका थिए। हेटौंडा एकेडेमीकै दिवस श्रेष्ठले दोस्रो हाफमा १ गोल गर्दै अग्रतालाई बढाउन सफल भएका हुन्। बागमतीको तर्फबाट खेलको अन्तिम समयमा कपिल मगरले एक गोलमात्र फर्काउन सफल भएका थिए। खेलको म्यान अफ द म्याच टिम क्याप्टेन प्रताप तामाङ घोषित भएका छन्।

प्रतियोगिताको उपाधि विजेता टिमले २ लाख १ हजार रुपैयाँ र उपविजेता टिमले १ लाख १ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ। प्रतियोगिताअन्तर्गत् आज शनिबार हेटौंडा एकेडेमीले उपाधिका लागि वीरगञ्ज युनाइटेड क्लबसँग प्रतिस्पर्धा गर्नुपर्नेछ।

बिहीबार नै भएको पहिलो सेमिफाइनल खेलमा वीरगञ्ज युनाइटेडले वीरगञ्ज युथ क्लबलाई सडन डेथमा १-० गोल अन्तरले हराउँदै फाइनलमा प्रवेश गरेको छ। निर्धारित समयमा २-२ गोलको बराबरी भएपछि खेल टाइब्रेकरमा प्रवेश गरेको थियो। टाइब्रेकरमा पनि बराबरीमा रोकिएर खेल सडन डेथमा पुगेको थियो। टाइब्रेकरमा दुबै पक्षको ५ जना खेलाडीमध्ये ३ जनाले प्रहार गरेको बल गोलमा परिणत भएको थियो। दुबै टिमको २-२ जनाले प्रहार गरेको बल गोल हुन सकेन। सडन डेथमा वीरगञ्ज युनाइटेडले प्रहार गरेको बल गोलमा परिणत भएको थियो।

# जिल्लास्तरीय ब्याडमिन्टन प्रतियोगिता सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला ब्याडमिन्टन संघको आयोजनामा जिल्लास्तरीय ब्याडमिन्टन प्रतियोगिता सुरु भएको छ। शुक्रबारबाट हेटौंडा-११, थानाभऱ्याङको कभर्डहलमा सुरु भएको प्रतियोगिताको उद्घाटन हेटौंडा उपमहानगरपालिकाकी नगरप्रमुख मीनाकुमारी लामाले गर्नुभएको हो।

प्रतियोगितामा खुला उमेर समूहमा करिब ४५ वटा र भेट्रान्सतर्फ १३ टिमको सहभागिता रहेको छ। पहिलो दिन क्वाटर फाइनल चरणसम्मको खेलहरु हुनेछ भने शनिबार सेमिफाइनल र फाइनल खेल हुनेछ।

भेट्रान्सतर्फको उपाधि विजेता टिमले २० हजार रुपैयाँ र उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने खुलातर्फको उपाधि विजेता टिमले ३० हजार रुपैयाँ र उपविजेताले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगिता अवधिभरको २ जना उत्कृष्ट खेलाडीहरुलाई ५-५ हजार रुपैयाँको नगद राशिसहित पुरस्कृत गरिनेछ।

यस्तै, प्रतियोगिता अवधिभरको २० वर्षभन्दा कम उमेर समूहका खेलाडीलाई वर्ष २०८० को उदीयमान खेलाडीको पुरस्कार प्रदान गरिने जनाइएको छ। प्रतियोगिता आयोजनाका लागि करिब ९ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। कार्यक्रमको उद्घाटन विष्णु घिमिरेको सभाध्यक्षतामा भएको हो। उद्घाटन कार्यक्रममा हेटौंडा उपमहानगर पालिका उपप्रमुख राजेश बानियाँ, वडा-११ की अध्यक्ष जुना दहाल र मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिका अध्यक्ष लालकाजीरत्न बज्राचार्यको उपस्थिति रहेको थियो।

# बीपीको जेल डायरीमाथि परिचर्चा




*परिचर्चामा सहभागी लेखक शंकर तिवारी (दायाँ) र समीक्षक घनश्याम घिमिरे (बायाँ)।*

समाज संवाददाता

हेटौंडाः बीपी कोइरालाको जेल डायरीमाथि शुक्रबार हेटौंडामा परिचर्चा भएको छ। सन् १९६२ देखि १९६८ सम्म जेल जीवनमा लेखिएका दैनिकीको महत्वपूर्ण दस्तावेज समेटिएको डायरीमाथि परिचर्चा भएको हो। बीपी विचार समाज मकवानपुरको आयोजनामा भएको परिचर्चामा जेल डायरीका सम्पादक शंकर तिवारी र समीक्षक घनश्याम घिमिरे सहभागी हुनुहुन्थ्यो।

नेपालको प्रजातान्त्रिक राजनीतिसँगै साहित्यमा पनि उत्तिकै चर्चित बीपी कोइरालाको जेल डायरीलाई तत्कालिन समाज र राजनीतिलाई बुझ्ने महत्वपूर्ण दस्तावेजको रुपमा जेल डायरीलाई विश्लेषण गरिएको थियो। सम्पादक शंकर तिवारीले बीपीको चिन्तन, लेखन र राजनीतिक उतारचढावका विषयमा जानकारी गराउनुहुँदै जेल डायरी नेपाली समाजका लागि पठनीय पुस्तक भएको बताउनुभयो। आजका प्रजातन्त्रवादीले बीपीको समाजवाद बुझ्नका लागि पनि पुस्तक सहयोगी हुने उहाँको भनाइ थियो। अध्ययन, चिन्तन, मननको संस्कृति दुर्लभ हुँदै गएको सन्दर्भमा मूलतः राजनीतिक नेतृत्वले अध्ययन गर्नुपर्ने तिवारीले औंल्याउनुभयो।

सहजकर्ता घनश्याम घिमिरेले बीपीलाई बुझ्न पुस्तकले धेरै सहयोग गर्ने बताउनुभयो। बीपी राजनीतिक व्यक्ति मात्रै नभई चिन्तक र समाजवादी नेताको रुपमा बुझ्न जेल डायरीसहयोग सावित हुने उहाँको भनाइ थियो। कार्यक्रममा वरिष्ठ अधिवक्ता केशव काफ्लेले महत्वपूर्ण विमर्श भएको उल्लेख गर्नुहुँदै अध्ययन संस्कृतिको विकासमा जोड दिनुभयो। बीपी विचार समाज मकवानपुरका अध्यक्ष विनोदचन्द्र कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली काँग्रेस मकवानपुरका सभापति बुद्ध लामा, पूर्वसभापतिहरु माइकल रामचन्द्र अर्याल माइकल, रघुरमण न्यौपानेको पनि सहभागिता रहेको थियो। सम्पादकसँगको छलफलपछि बीपी विचार समाजका सल्लाहकार कृष्णप्रसाद दाहालले संक्षिप्त टिप्पणी गर्नुभएको थियो। शिखा बुक्सले प्रकाशन गरेको जेल डायरीको संकलक पदम बहादुर थापा हुनुहुन्छ। यसै वर्ष प्रकाशित जेल डायरीको परिचर्चा कार्यक्रम यसअघि गण्डकी प्रदेशको राजधानी पोखरा र कर्णाली प्रदेशको राजधानी सुर्खेतमा भएको थियो। परिचर्चा कार्यक्रम बाँकी प्रदेशमा पनि अनुकुल समयमा गर्ने सम्पादक तिवारीले बताउनुभएको छ।

# उपाधिका लागि वडा नम्बर ५ र १० भिड्दै

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकामा जारी दोस्रो संस्करणको कैलाशस्तरीय अध्यक्ष कप फुटबल प्रतियोगिताको फाइनल खेल शनिबार हुँदैछ। कैलाश-९ स्थित नामटारमा हुने फाइनल खेलमा उपाधिका लागि वडा नम्बर ५ र १० बीच प्रतिस्पर्धा हुनेछ।

गत संस्करणको विजेता १० नम्बर र उपविजेता ५ नम्बर वडा यो संस्करणमा पनि फाइनलमा प्रवेश गरेको हो। दुई टिमबीचको खेल दिउँसो २ बजे सुरु हुनेछ। वडा नम्बर १० यस संस्करणमा पनि वडा ५ लाई हराएर उपाधि जित्ने दाउमा छ। वडा नम्बर ५ पनि साविकको विजेता १० नम्बरलाई हराएर उपाधि जित्ने दाउमा छ।

शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा वडा नम्बर २ लाई १-० गोलले हराउँदै वडा नम्बर १० फाइनलमा प्रवेश गरेको हो। वडा नम्बर १० का लागि बुद्ध थिङले निर्णायक गोल गरे। यस्तै, शुक्रबार नै भएको दोस्रो सेमिफाइनल खेलमा वडा नम्बर ६ लाई २-१ गोलले हराउँदै वडा नम्बर ५ फाइनलमा प्रवेश गरेको हो। वडा नम्बर ५ को जीतमा प्रशान्त सिन्तानले दुई गोल गरे।

प्रतियोगितामा वडा नम्बर १० ले वडा नम्बर ४ लाई हराउँदै क्वाटरफाइनल र १ नम्बर वडालाई हराउँदै सेमिफाइनमा प्रवेश गरेको थियो। यस्तै, वडा नम्बर ५ ले वडा ९ नम्बरलाई हराउँदै क्वाटर फाइनलमा र ८ नम्बर वडालाई हराउँदै सेमिफाइनलमा प्रवेश गरेको थियो। शनिबारको विजेता टिमले ७५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँमा चित्त बुझाउनेछन्।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

हार्दिक श्रद्धाञ्जली



जन्मः २०३५/०३/०९ स्व. कृष्ण बहादुर कार्की स्वर्गारोहणः २०८०/१२/०५

यस विद्यालयमा अध्ययनरत छात्रहरु कक्षा-१० पुरुरषोत्तम कार्की र कक्षा-७ प्रकाश कार्कीका पुजनिय पिता **कृष्ण बहादुर कार्की**को यहि मिति २०८०/१२/०५ गते भएको असामयिक निधनले सम्पूर्ण विद्यालय परिवार मर्माहत भएका छौं। यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

प्रधानाध्यापक देवकी सिग्देल
अध्यक्ष परशुराम गौतम

एवम् समस्त विद्यालय परिवार
श्री महेन्द्र माध्यमिक विद्यालय
(प्राविधिक शिक्षालय)
बकैया-८, छतिवन मकवानपुर

TRUENARY SOLUTIONS
WE ARE HIRING
Journalism & Mass Communication Interns
*Requirements :*
- Strong passion for news and current events.
- Excellent research and analytical skills.
- Proactive attitude with a desire to learn and grow professionally.
- Pursuing bachelor degree in journalism, media studies, communications, or related field.

*Deadline: Chaitra 15th, 2080*
Interested candidates can drop their CV at
*contact@truenary.com*
Hetauda-4, Ajaramar Road
9801331603

# अनलाइनबाटै एनओसी दिने तयारी

काठमाडौंः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, वैदेशिक अध्ययन शाखा (एनओसी) ले 'फेसलेस' सेवा दिने तयारी गरिरहेको जनाएको छ। अहिले विद्यार्थीले एनओसी लिनको लागि आवश्यक शैक्षिक प्रमाणपत्रहरू 'ओरिजिनल डकुमेन्ट भेरिफाइ' गर्न भौतिक रुपमा जानुपर्ने अवस्था छ।

अहिले त्रिभुवन विश्वविद्यालयको शैक्षिक तथ्यांक (एकेडेमिक डेटा) एनओसी शाखाको पोर्टलमा एकीकृत (इन्टिग्रेट) गर्ने प्रक्रिया अगाडि बढाइएको छ। त्रिविसँगै पोखरा विश्वविद्यालयको तथ्यांक पनि एकीकरण गर्ने तयारी गरिएको छ। यी विषयको तयारी सकिएपछि अधिकांश विद्यार्थीले अनलाइनमार्फत नै एनओसीको सबै सेवा पाउनेछन्। निमित्त शाखा प्रमुख वासुदेव वस्ती भन्छन् 'अब धेरै विद्यार्थीलाई फेसलेस सेवा दिने तयारीमा छौं।'

त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी संख्या बढी भएको र एनओसी लिने विद्यार्थीको चाप पनि त्रिविकै बढी भएकोले त्रिविको 'डेटा इन्टिग्रेट'लाई प्राथमिकता दिएको वस्तीले बताए। उनका अनुसार शाखा र त्रिविबीच संवाद भइरहेको र दुवै पक्षका प्राविधिकहरूलाई अध्ययन गराएर कार्यान्वयनमा ल्याउने तयारी भइरहेको छ। त्यसैगरी पोखरा विश्वविद्यालयसँग पनि कुरा भइसकेको र अन्य विश्वविद्यालहरूसँग छलफलकै क्रममा रहेको शाखाले जनाएको छ। निमित्त प्रमुख वस्ती भन्छन् 'जुन विश्वविद्यालयको एकेडेमिक डेटा कम्प्युटराइज्ड भएको छ। त्यो विश्वविद्यालयसँग मिलेर काम गर्छौं।' त्रिविको शैक्षिक तथ्यांक मात्रै एकीकरण हुँदा पनि ७० प्रतिशत बढी विद्यार्थीलाई फेसलेस सेवा दिन सकिने शाखाको भनाइ छ। *स्रोतः अनलाइनखबर।*

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ